# नरैनापुर गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
नरैनापुर, बाँके
५ नं. प्रदेश, नेपाल

पत्र संख्या २०७५/०७६
चलानी नम्बर ९६१

## कर्मचारी आवश्यकता सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशन मिति : २०७६/०३/१०**

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय अन्तर्गतको प्रशासन, सहकारी तथा गरिबी निवारण महाशाखाको प.सं. ०७५/०७६, च.नं. ९२ मिति २०७६/०२/०९ को प्राप्त पत्र र यस कार्यालयको मिति २०७६/०३/१० गतेको निर्णय अनुसार गरिब घरपरिवार पहिचान तथा परिचय पत्र वितरण कार्यक्रमको लागि तपसिल बमोजिमको दक्ष जनशक्ति आवश्यकता परेको इच्छुक नेपाली नागरिकरहरुले सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र आवदेन पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| विज्ञापन नं. | पद | पद संख्या | तलब स्केल |
|---|---|---|---|
| २/०७५/०७६ | सुपरिवेक्षक | १ जना | ना.सु. वा सो सरह |
| २/०७५/०७६ | गणक | ५ जना | खरिदार वा सो सरह |

१. सेवाको अवधिः नियुक्ति भएको मितिले बढीमा ५ महिना

२. आवश्यक शैक्षिक योग्यताः क)सुपरिवेक्षकः मान्यता प्राप्त शिक्षण संस्थाबाट तथ्याङ्क शास्त्र,जनसंख्या,अर्थशास्त्र वा गणित विषय सहित कम्तिमा स्नातक वा सो सरह उत्तीर्ण गरि कम्प्यूटर सम्बन्धी आधारभूत ज्ञान भएको । ख) गणकः मान्यता प्राप्त शिक्षण संस्थाबाट तथ्याङ्क शास्त्र, जनसंख्या, अर्थशास्त्र वा गणित विषय सहित कम्तिमा प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण गरि कम्प्यूटर सम्बन्धी आधारभूत ज्ञान भएको।

३. उम्मेद्वारको उमेर : दरखास्त दिने अन्तिम मिति सम्ममा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।

४. उम्मेद्वार छनौट विधि : क. कम्प्यूटर सिप परिक्षण ख. अन्तरवार्ता

५. दरखास्त फारम : नरैनापुर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयबाट प्राप्त हुनेछ ।

६. दरखास्त बुझाउने समय र स्थान : नरैनापुर गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयमा कार्यालय समय भित्र बुझाउनु पर्ने छ ।

७. परिक्षा दस्तुर : सुपरिवेक्षकको रु. ४००/- र गणकको रु. ३००/-

८. संलग्न राख्नु पर्ने कागजात : शैक्षिक योग्यताको प्रमाणपत्र, नेपाली नागरिकताको प्रमाण पत्र, अनुभवको प्रमाणपत्र र कम्प्यूटर ज्ञान सम्बन्धी प्रमाण पत्रको प्रतिलिपी पेश गर्नु पर्ने छ ।

९. दरखास्त दिने अन्तिम मिति : सूचना प्रकाशन भएको मितिले ७ औं दिनको कार्यालय समय भित्र साथै अन्तिम मितिमा सार्वजनिक विदा परेमा सो को लगत्तै कार्यालय खुलेको दिन ।

नोटः *स्थानीय बासिन्दालाई प्राथमिकता दिईने छ ।*

०७६।३।१०
दल बहादुर बस्नेत
प्रमुख प्रशासकीय अधिकृत

ईमेलः info@narainapurmun.gov.np | वेबसाइटः www.narainapurmun.gov.np